बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड – ४ संख्या –१२ मितिः१२ चैत, २०७७

भाग - २

बेनीघाट रोराङ गाउँपालिका दीगो विकासका लक्ष्यहरु स्थानीयकरण सम्बन्धी नीति तथा कार्ययोजना, २०७७

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश

बेनीघाट रोराङ गाउँपालिका दीगो विकास लक्ष्यहरु स्थानीयकरण सम्वन्धी नीति तथा कार्ययोजना, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः२०७७।१०।०७

१.पृष्ठभूमिः

दिगो विकास लक्ष्य(एसडीजी)हरूको उद्देश्य सन् २०३० सम्ममा गरिबीको अन्त्य गर्नु हो । विश्वका नेताहरूले मानिस, पृथ्वी र समृद्धिका लागि एक कार्ययोजना तयार गरेका छन् । चरम गरिबी लगायत गरिबीका सबै स्वरूप तथा आयामहरूको उन्मूलन गर्नु विश्वको सबैभन्दा ठूलो चुनौती रहेको छ र दिगो विकासका लागि गरिबीको अन्त्य एउटा अपरिहार्य आवश्यकता बनेको छ । यी १७ विकास लक्ष्यहरूले सहस्राब्दी विकास लक्ष्य (एमडीजी)हरूको उपलब्धिमा टेकेर त्यसबाट हासिल हुन नसकेका कुराहरूलाई पूरा गर्न खोजेका छन् । सबैका लागि मानवअधिकार प्राप्त गर्ने र सबै महिला तथा बालिकाका लागि लैङ्गिक समानता तथा सशक्तीकरण हासिल गर्नु तिनको उद्देश्य रहेको छ । यी लक्ष्यहरू एकीकृत तथा अविभाज्य छन् र तिनले दिगो विकासका तीन आयाम- आर्थिक, सामाजिक र वातावरणीय- लाई सन्तुलित गर्दछन् ।

२. दिगो विकासका लक्ष्यहरु

दिगो विकासका लक्ष्यहरु मध्ये सवै भन्दा पहिलो लक्ष्य गरिवीको अन्त्य हो । दिगो विकास लक्ष्यले हालको हालको अति गरिवी २३.८ प्रतिशतलाई सन २०३० सम्ममा ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । त्यस्तै प्रतिव्यक्ति आम्दानी हालको अमेरिकी डलर ७७२ वाट वढाएर २५०० अमेरिकी डलर लक्ष्य यसमा समावेश गरिएको छ । त्यस्तै तल्लो वर्गको हालको उपभोग गर्ने क्षमता ५ प्रतिशतलाई वढाएर १२ प्रतिशतमा पुऱ्याउने, सामाजिक सुरक्षाको वजेटलाई राष्ट्रिय वजेटको १५ प्रतिशतमा पुऱ्याउने जस्ता लक्ष्यहरु यसमा समावेश गरिएको छ ।

दिगो विकासको दोश्रो लक्ष्य भोकमरीको अन्त्य हो । खाद्यान्नको उत्पादकत्व डवल वनाउने अर्थात हालको ३.३ मे.ट.प्रति हेक्टरलाई ६.६ वनाउने, हालको ५ वर्षमुनिका कम तौल भएका ३० प्रतिशत वच्चाहरुको संख्या ९ मा झार्ने, हालका ५ वर्षमुनिका पुड्का वालवालिकाको संख्या ३७.४ प्रतिशतलाई १५ मा झार्ने, हालका ५ वर्षमुनिका ११ प्रतिशत वालवालिकाको संख्या ० मा झार्ने तथा हालको ५ वर्षमुनिका रक्तअल्पता भएका वालवालिकाको संख्यालाई ४६ प्रतिशतलाई १० मा झार्ने लक्ष्यहरु यसमा समावेश गरिएको छ । त्यस्तै प्रजनन उमेरका महिलाहरुमा रहेको हालको रक्तअल्पता ३८.५ प्रतिशतलाई १० मा झार्ने, हालको एक तिहाई भन्दा वढी मानिसले पर्याप्त खाद्यान्न खान नपाउने स्थितिको अन्त्य गर्ने तथा प्रतिव्यक्ति खाद्यान्न उत्पादन कम्तिमा पनि ६६ प्रतिशतले वढाउने लक्ष्यहरुलाई दिगो विकासका नीतिहरुमा समावेश गरिएको छ ।

दिगो विकासको तेश्रो लक्ष्य भनेको सवै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने रहेको छ । यस अन्तर्गत प्रतिलाख आमामा रहेको हालको मातृमृत्युदर २५८ लाई घटाएर ७० मा झार्ने, नवजात शिशुहरू र पाँचवर्षमुनिका बालबालिकाहरूको रोक्न सकिने मृत्युलाई अन्त्य गर्ने, एच.आई.भी. एड्स, क्षयरोग, औलोजरो र उष्णप्रदेशीय उपेक्षित रोगहरूको महामारी अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोगहरू एवं अन्य सरुवा रोगहरू नियन्त्रण गर्ने, नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपाचारबाट एकतिहाइले कम गर्नुका साथै मानिसक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने, लागू पदार्थ दुरुपयोग तथा मादक पदार्थको हानिकारक प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएको छ ।

दिगो विकासको चौंथो लक्ष्यमा **समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने कुरालाई जोड दिइएको छ ।** सन् २०३० सम्ममा निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने, क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने, रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र

वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू प्रस्तावित गरिएका छन् ।

दिगो विकासको पांचौं लक्ष्य भनेको लैङ्गिक समानता हासिल गर्ने र सवै महिला, किशोरी तथा वालवालिकाहरुलाई शशक्त वनाउने भन्ने हो । सबै महिला र किशोरीहरूविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने, बेचबिखन, यौन र अरू प्रकारका शोषण लगायत सार्वजनिक एवम् निजी क्षेत्रहरूमा सबै महिला र किशोरीहरूविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने,बालविवाह, कम उमेरको विवाह, जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक/हानिकारक व्यवहारहरूको अन्त्य गर्ने, पारिश्रमिक बेगरको हेरचाह गर्ने र घरायसी कामलाई कदर गर्ने र महत्व दिने, राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणका सबै तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण तथा प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने, यौन तथा प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू रहेका छन् ।

दिगो विकासको छैठौं लक्ष्य भनेको सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने रहेको छ । सबैको निम्ति सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र न्यायोचित पहुँच हासिल गर्ने, सरसफाई र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुला रूपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने, प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोरहरू तथा रसायनहरू र वस्तुहरूको विसर्जन कार्यलाई न्यूनीकरण गरेर खानेपानीको गुणस्तर सुधार गर्ने, पानी-प्रयोगको दक्षतालाई सबै क्षेत्रहरूमा सारभूत रूपमा सुधार गर्ने, सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने,पहाड, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने आदि परिमाणात्मक लक्ष्यहरू समावेश गरिएका छन् । त्यस्तै आधारभूत स्तरको खानेपानी सेवामा ९९ प्रतिशत परिवारहरूको पहुँच पुऱ्याउने र पाइपबाट आपूर्ति गरिएको खानेपानीमा र सुधारिएको सरसफाईमा कम्तीमा क्रमशः ९० र ९५ प्रतिशत जनसङ्ख्याको पहुँच सुनिश्चित गर्ने, सफा शौचालयहरूमा ९८ प्रतिशत जनसङ्ख्याको पहुँच पुऱ्याउने परिमाणात्मक लक्ष्य पनि राखिएको छ ।

दिगो विकासको सातौं लक्ष्यमा धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने रहेको छ । खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने, (ख) विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा सारभूत रूपमा बढाउने र (ग) ऊर्जा दक्षता/प्रभावकारितामा गरिने सुधारको दरलाई दोब्बर पार्ने, दिगो विकास लक्ष्यका लागि प्रस्तावित विशेष परिमाणात्मक लक्ष्यहरूमा विद्युत्मा ९९ प्रतिशत परिवारहरूको पहुँच पुऱ्याउने, खाना पकाउनका लागि दाउरा प्रयोग गरिरहेका परिवारहरूको अनुपात हालको करिब ७५ प्रतिशतबाट घटाई ३० प्रतिशतमा झार्ने, एल.पी. ग्याँस प्रयोग गर्ने परिवारहरूको सङ्ख्या ४० प्रतिशतमा सीमित गर्ने, जलविद्युत्को जडित क्षमता १५,००० मेगावाट पुऱ्याउने, प्रतिव्यक्ति विद्युत् खपत बढाएर १,५०० किलोवाट घण्टा पुऱ्याउने जस्ता परिमाणात्मक लक्ष्यहरू समावेश गरिएका छन् ।

दिगो विकासको आठौं लक्ष्यमा स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ । ७ प्रतिशतको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन वृद्धि हासिल गर्ने, ठूला उद्योगहरूको कुल उत्पादनको मेटेरियल इन्टेनसिटीलाई ६० प्रतिशतमा झार्ने, अर्धबेरोजगारी दरलाई १० प्रतिशतभन्दा कम गर्ने, निकृष्ट बालश्रमको अन्त्य गर्ने, पर्यटन क्षेत्रमा रोजगारीहरूको सङ्ख्या १० गुनाले वृद्धि गर्ने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान चार गुनाले वृद्धि गर्ने, प्रति एक लाख जनताहरूको लागि वाणिज्य बैंकहरूको शाखाहरूको सङ्ख्या सन् २०३० मा हालको भन्दा दोब्बर (३६) बढाउने, ३० मिनेटको पैदल यात्राभित्र सहकारी संस्थाजस्ता सामुदायिक वित्त संस्थाहरूमा पहुँच हुने परिवारहरूको प्रतिशत ८० पुऱ्याउने परिमाणात्मक लक्ष्य राखिएको छ । सन् २०३० सम्ममा सडक घनत्व बढाएर १.३ की.मी./वर्ग की.मी.) पुऱ्याउने, कुल उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १५ प्रतिशत मात्र छ भने

यसले श्रमशक्तिको ७ प्रतिशत भन्दा कमलाई रोजगारी दिएको छ, कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको हिस्सा सन २०३० सम्ममा २५ प्रतिशत पुऱ्याउने साथै उद्योग क्षेत्रमा रोजगारी वृद्धि गरी कुल रोजगारीको १३ प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्य किटान गरिएको छ ।

दिगो विकासको दशौं लक्ष्यमा **देशभित्र तथा देशहरु वीचको असमानता हटाउने लक्ष्य राखिएको छ । यसका लागि गिनी कोफिसियन्टवाट मापन गरिएको उपभोग असमानता सन २०१५ मा ०.३३ र आयमा असमानता सन २०१५ मा ०.४६ रहेको थियो । कुल उपभोगमा तलका ४० प्रतिशत जनसँख्याको हिस्सा** १८.७ प्रतिशत मात्र छ । यसै गरी कुल आयमा तल्लो ४० प्रतिशत जनसंख्याको हिस्सा करिव १२ प्रतिशत रहेको छ । २०१५ को उपभोगमा असमानता ०.३३ वाट २०३० मा ०.१६ मा झार्ने, आयको असमानतालाई ०.४६ वाट ०.२३ मा घटाउने, कुल आयमा तलको ४० प्रतिशत जनसँख्याको हिस्सा १२ प्रतिशतवाट वढाएर १८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ ।

त्यस्तै दिगो विकासको एघारौं लक्ष्यमा शहर र मानववस्तीहरुलाई समावेशी, सुरक्षित र उत्थानशील वनाउने लक्ष्य लिएको छ । यसका लागिसन २०३० को विशेष परिमाणात्मक लक्ष्यहरुमा ५ जना वा सो भन्दा वढी व्यक्तिहरु वसोवास गर्ने परिवारहरुको संख्या सन २०१५ को ४७ प्रतिशतवाट घटाएर सन २०३० सम्ममा २० प्रतिशतमा झार्ने, कम्तिमा ५० प्रतिशत ठूला सडकहरुलाई विश्वस्तरको मापदण्ड अनुसार सुरक्षित वनाउने, सुरक्षित घरहरुमा वसोवास गर्ने परिवारको अनुपात दोव्वर पारी ६० प्रतिशत पुऱ्याउने, सन २०२० सम्ममा पुरा गरिसक्ने सांस्कृतिक सम्पदाहरुका लागि विनियोजन गरिने वजेटलाई सन २०१५ को १.१५ प्रतिशतवाट वढाएर सन २०३० मा २ प्रतिशत पुऱ्याउने ।

दिगो विकासको वाह्रैं लक्ष्य भनेको **दिगो उपयोग र उत्पादनका ढाँचाहरुमा सुनिश्चितता भन्ने छ । यसमा** दीगो उपयोग र उत्पादन कार्यक्रमहरुको १० वर्षे ढाँचा/खाका कार्यान्वयन गर्ने, सन २०३० सम्ममा प्राकृतिक श्रोतहरुको दिगो व्यवस्थापन गर्दै यिनीहरुको प्रयोग प्रभावकारी रुपमा गर्ने, खुद्रा र उपभोक्ता तहमा हुने प्रति व्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोगलाई सन २०३० सम्म आधा घटाउने र खाद्यान्न क्षति घटाउने, रासायनिक पदार्थ तथा फोहरमैलाहरुको जीवनचक्र भरि नै वातावरणीय दृष्टिकोणले प्रभावकारी रुपमा व्यवस्थापन गर्ने, फोहरमैलाको उत्पादनलाई सन २०३० सम्ममा रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरुलाई पुनः प्रशोधन एवं पुनः प्रयोग गरेर सारभूत रुपमा घटाउने, दीगो विकास र प्रकृतिसंग तालमेल/सङ्गति भएका जीवन पद्धतिका सान्दर्भिक सूचनाहरु रहेका साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने उद्देश्यहरु राखिएको छ । त्यस्तै यस अन्तर्गत खाद्यान्नवाली उत्पादन गरिने हालको ८० प्रतिशत जमिनलाई ७५ प्रतिशतमा झार्ने, दाउराको खपत हाल ०.११ क्युविक मिटर छ, त्यसलाई घटाएर ०.०५ क्युविक मिटर पार्ने, प्लाष्टिकको प्रतिव्यक्ति प्रयोग जुन २०१५ मा प्रतिदिन २.७ ग्राम थियो त्यसलाई शुन्यमा झार्ने, वाली भित्र्याई सकेपछि हुने खाद्यवस्तुको क्षतिलाई सन २०१५ को १५ प्रतिशतवाट सन २०३० मा १ प्रतिशतमा झार्ने परिमाणात्मक लक्ष्य राखिएको छ ।

दिगो विकास लक्ष्य १३ मा जलवायु परिवर्तन र यसको प्रभावसंग जुध्न तत्काल कार्य अघि वढाउने लक्ष्य राखिएको छ । यस अन्तर्गत सवै देशहरुमा जलवायुसंग सम्वन्धित घातक/हानीकारक कुराहरुको साथै प्राकृतिक विपदहरुको सामना गर्न उत्थानशीलता र अनुकुलन क्षमतालाई सुदृढ गर्ने, जलवायु परिवर्तनका उपायहरुलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकिकृत गर्ने, जलवायु परिवर्तनलाई कम गर्न, अनुकुलन गर्न, प्रभाव घटाउन र यस सम्वन्धमा हुने सावधानी गराउन शिक्षा, सचेतना र मानव तथा संस्थागत सुधार गर्ने, हरित गृह ग्यासको मात्रा अनुसार कृषि क्षेत्र सवै भन्दा वढी (६८ प्रतिशत) उत्सर्जन गर्ने क्षेत्र हो । त्यस्तै उद्योग क्षेत्रले १२ प्रतिशत उत्सर्जन गरेका थिए । यस अन्तर्गत कार्वनडाईअक्साइड उत्सर्जनलाई आधा घटाउने, सन २०३० सम्ममा कम्तिमा १२० गा.पा.हरुमा जलवायु परिवर्तन अनुकुलन योजना लागु गर्ने, १७० वटा गाउँलाई जलवायु स्मार्ट गाउँ वनाउने, हाल एउटा पनि जलवायु स्मार्ट खेती ईकाई नभएकोमा ५०० वटा जलवायु स्मार्ट खेती ईकाईहरु वनाउने, सवै विद्यालयहरुमा जलवायु परिवर्तन शिक्षा शुरु गर्ने परिमाणात्मक लक्ष्य राखिएको छ ।

दिगो विकासको चौधौं लक्ष्य भनेको लक्ष्य दिगो विकासका निम्ति महासागरहरु, सामुन्द्रिक श्रोतहरु संरक्षण गर्ने र दिगो रुपमा प्रयोग गर्ने भन्ने छ जुन नेपालका लागि उपयोगी छैन । दिगो विकासको पन्द्रौं लक्ष्यमा पृथ्वीको

भूपरिस्थितीय पारिस्थितिय प्रणालीको दीगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दीगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्न र जमिनको क्षयीकरण रोक्नका साथै यसलाई उल्टाउने र जैविक विविधताको ह्रासलाई रोक्ने उद्देश्यहरु राखिएको छ भने जैविक विविधताको संरक्षणको लागि २३.२ प्रतिशत भूमिलाई संरक्षित घोषणा गरिएको छ ।

दिगो विकासको पन्द्रौं लक्ष्य शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सवैको पहुँच सुनिश्चित गर्ने, सवै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरुको स्थापना गर्ने लक्ष्य राखिएको छ ।वालवालिकामाथिको दुर्व्यवहार, शोषण, वेचविखन, यिनीहरु विरुद्धका हिंसा (शारीरिक/मानसिक यातनाको अन्त्य गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिस्तरमा कानूनको शासन प्रवर्द्धन गर्ने । न्यायमा सवैको पहुँच स्थापना गर्ने । गैर कानूनी वित्तीय हातहतियारको ओसार पसारलाई उल्लेख्य रुपमा घटाउने । सवै स्वरुपका भ्रष्टाचार तथा घुसलाई सारभूत रुपमा घटाउने । सवै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरुको विकास गर्ने । प्रेस स्वतन्त्रता

दिगो विकासको सौह्रैं लक्ष्यमा न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ ।

दिगो विकासको सत्रौं लक्ष्य भनेको कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने दिगो विकास लक्ष्य १७ अन्तर्गत १९ ओटा परिमाणत्मक लक्ष्यहरू छन् जसमध्ये : (क) आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने, (ख) विकसित देशहरूले गरेका आधिकारिक सहायता प्रतिबद्धताहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने, (ग) विकासशील देशहरूका लागि विभिन्न स्रोतहरूबाट थप वित्तीय स्रोतसाधनहरू परिचालन गर्ने, (घ) लगानी प्रवर्द्धन गर्ने वातावरणहरू (Regimes) सिर्जना गरी अवलम्वन र कार्यान्वयन गर्ने, (ङ) विकासोन्मुख देशहरूलाई प्रविधि हस्तान्तरण गर्ने, (च) कानूनमा आधारित खुला, र न्यायोचित बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन गर्ने, (छ) दिगो विकासका लागि नीतिहरूको तार्किक सङ्गति अभिवृद्धि गर्ने र (ज) तथ्याङ्क, अनुगमन र तथ्याङ्कसम्बन्धी क्षमताको सुदृढीकरण गर्ने लगायतका परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन्। यो लक्ष्य स्रोतसाधनहरूको परिचालनदेखि क्षमता विकास, अनि उत्तरदायित्वदेखि जिम्मेवारीसम्म सबै सरोकारवालाहरूसँग सम्बद्ध रहेको छ । व्यापार, वैदेशिक सहायता, विकासशील देशहरूमा गरिने लगानी र आर्थिक स्रोत परिचालनसम्बन्धी धेरैजसो प्रतिबद्धताहरू अति कम विकसित मुलुकहरू (LDCs) मा विगतमा राम्ररी पूरा नगरिएको परिप्रेक्ष्यमा विश्वव्यापी प्रतिबद्धताहरू हासिल गर्ने कुराहरू त्यति उत्साहप्रद देखिँदैन । यसका अतिरिक्त, औपचारिक वा सङ्गठित रूपमा प्रविधि हस्तान्तरणको मात्रा सामान्य छ, साथै उत्पादकत्वद्वारा निर्देशित आर्थिक परिवर्तनलाई अगाडि बढाउन यो असमर्थ समेत छ । सन् २०१५ मा नेपालको राजश्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको करिब २० प्रतिशत रहेकोले कर परिचालन सम्बन्धमा भएका प्रयासहरू तुलनात्मक रूपमा प्रभावकारी रहेका छन्। सन् २०३० मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३० प्रतिशत राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ (तालिका १७) । आन्तरिक कर राजश्वहरूबाट बेहोरिने सरकारको आन्तरिक खर्चको प्रतिशत सन् २०३० मा ८० प्रतिशत पुऱ्याउने परिमाणात्मक लक्ष्य राखिएको छ । यो लक्ष्य सामान्य स्तरकै देखिन्छ, किनकि, पूर्वाधारमा हुने लगानीको ठूलो कमीलाई सच्याउनका लागि सरकारी लगानीलाई बढाउन आन्तरिक राजश्व सङ्कलनलाई प्रभावकारी रूपमा बढाउनुका अतिरिक्त ठूलो मात्रामा अन्तर्राष्ट्रिय स्रोतहरू पनि आवश्यक पर्नेछ । निजी क्षेत्रको लगानीको कमीलाई पूरा गर्न प्रत्यक्ष वैदेशिक लगानी (Inward stock) लाई हालको स्तरबाट कम्तीमा पाँच गुणाले बढाउनु आवश्यक छ ।

३. दिगो विकास लक्ष्यलाई गाउँपालिकाको नीति, योजना, कार्यसंस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकिकरण गर्नुको आवश्यकता

- दिगो विकास लक्ष्यमा विषयगत क्षेत्रहरु स्पष्ट किटान भएको, राष्ट्रिय लक्ष्य तोकिएकोले
- दिगो विकास लक्ष्य विश्वका १९३ वटा देशहरुको सर्वसम्मतिले तयार पारिएको योजना पत्र भएकोले
- गरिवीको उन्मूलनका लागि दिगो विकास लक्ष्यलाई एउटा महत्वपूर्ण सयन्त्र मानिएकोले

- राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिगो विकासको लक्ष्यलाई गाउँपालिकाको नीति, योजना, कार्य संस्कृति, सूचना प्रणाली आदिमा आन्तरिकिकरणको गर्न परिपत्र गरेकोले
- दिगो विकासका लक्ष्यहरु मापनयोग्य, विशिष्ट, समय सापेक्ष भएकोले

४. दिगो विकास लक्ष्यका आन्तरिकिकरणका नीतिहरु

- गाउँपालिकाको पार्श्वचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा लिइने छ । दिगो विकासका १७ वटा लक्ष्य अन्तर्गतका विषय क्षेत्रहरुलाई तथ्याङ्क संकलनको आधारको रुपमा स्थापित गरिने छ ।
- गाउँपालिकाले आवधिक विकास योजना, क्षेत्रगत रणनीति योजना, गुरुयोजना तथा वार्षिक योजना तयार गर्दा दिगो विकास लक्ष्यले मार्गदर्शन गरेका विषयगत क्षेत्र, लक्ष्य तथा रणनीतिहरुलाई आधारको रुपमा लिने छ ।
- गाउँपालिकाले आफ्नो गाउँपालिकाको नीति, ऐन, कार्यविधि, निर्देशिका तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई समेत मध्यनजर गर्दै नीति निर्माण गर्ने छ ।
- गाउँपालिकाले गाउँसभामा पेश गर्ने नीति तथा रणनीतिहरुमा दिगो विकासका लक्ष्यहरुलाई प्राथमिकता दिने छ ।
- गाउँपालिकाले चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीहरु गर्दा दिगो विकासका लक्ष्यहरुलाई आत्मसात गरी ती विषयगत क्षेत्र अनुसारको प्रगति समीक्षा गर्नेछ ।
- गाउँपालिकाले आफ्नो वार्षिक प्रगति प्रतिवेदन तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई आधार वनाउने छ ।
- गाउँपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्नेछ ।
- दिगो विकास लक्ष्यका बारेमा गाउँपालिकाका पदाधिकारी, वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गर्नेछ ।
- प्रदेश तथा संघमा गाउँपालिकाले प्रस्ताव पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरुलाई आधार वनाएर प्रस्ताव लेखन कार्य गर्नेछ ।
- गाउँपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरुलाई दिगो विकास लक्ष्यको वारेमा जानकारी गराउने छ ।
- गाउँपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई दिगो विकासका लक्ष्यको वारेमा अभिमुखिकरण गर्नेछ ।
- गाउँपालिकाभित्र भएका विभिन्न समूह, समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गरिने छ ।

५. दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना

क.सं.	विवरण	जिम्मेवारी	मिति
	गाउँपालिकाको पार्श्वचित्र तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने ।	योजना शाखा	२०७७ असारभित्र
	गाउँपालिकाको आवधिक योजना तयार गर्दा दिगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने	योजना शाखा	२०७७ असारभित्र
	गाउँपालिकाको नीति, कार्यनीति, रणनीतिहरुमा दिगो विकास लक्ष्यका उद्देश्य, रणनीति तथा नीतिहरुलाई समावेश गर्ने ।	प्रशासन शाखा	निरन्तर
	जेण्डर अडिट गर्दा दिगो विकासका लक्ष्यका	प्रशासन शाखा	निरन्तर

	प्रावधानहरुलाई प्राथमिकतामा राखी गर्ने ।		
	गाउँपालिकाले आयोजना गर्ने चौमासिक, अर्द्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठीहरुमा दिगो विकास लक्ष्यका विषयगत क्षेत्र तथा सूचकहरुलाई आधार वनाउने ।	योजना शाखा	२०७७ असारभित्र
	गाउँपालिकाले वार्षिक योजना तथा प्रगति प्रतिवेदनमा दिगो विकासका लक्ष्यहरुलाई आधार वनाउने	योजना शाखा	२०७७ असारभित्र
	गाउँ विकास समितिले गठन गर्ने विभिन्न समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यहरुको वारेमा अभिमुखिकरण गर्ने	प्रशासन शाखा	निरन्तर
	प्रदेश तथा संघमा गाउँपालिकाले प्रस्ताव पेश गर्दा दिगो विकास लक्ष्यका सूचकहरुलाई आधार वनाएर प्रस्ताव लेखन कार्य गर्नेछ ।	योजना शाखा	२०७७ असारभित्र
	गाउँपालिकाले पालिकामा कार्यरत संघसंस्थाहरुलाई दिगो विकासका लक्ष्य अनुसार प्रगति विवरण माग गर्ने ।	योजना शाखा	२०७७ असारभित्र
	दिगो विकास लक्ष्यका बारेमा गाउँपालिकाका पदाधिकारी, वडाका पदाधिकारी तथा कर्मचारीहरुलाई अनुशिक्षण गर्ने ।	प्रशासन शाखा	निरन्तर
	गाउँपालिकाले शिक्षा शाखा मार्फत विद्यालयका सम्पूर्ण शिक्षक, विद्यार्थीहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने ।	प्रशासन शाखा	निरन्तर
	गाउँपालिकाले स्वास्थ्य शाखा मार्फत स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई दिगो विकासका लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने ।	प्रशासन शाखा	निरन्तर
	गाउँपालिकाभित्र भएका विभिन्न समूह, समिति, संरचनाहरुलाई दिगो विकास लक्ष्यको वारेमा अभिमुखिकरण गर्ने ।	प्रशासन शाखा	निरन्तर

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण प्रसाद भट्टराई